बागमती प्रदेश सरकार

# श्रम, रोजगार तथा यातायात मन्त्रालय

हेटौंडा, मकवानपुर, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/११/२३)

प्रस्तुत विषयमा बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम र **प्रदेश कार्यक्रम संयोजक/आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता छनौट सम्बन्धी कार्यविधि, २०८१** अनुसार सुरक्षित आप्रवासन (सामी) कार्यक्रम तर्फ देहायका पदका लागि बागमती प्रदेश भित्रका नागरिकहरूबाट सूचना प्रकाशन भएको मिति देखि ७ (सात) दिन भित्र यस मन्त्रालयमा दरखास्त पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

देहाय

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी/तह | माग पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०८१/८२ | प्रदेश कार्यक्रम संयोजक | अधिकृत सातौं | १ जना श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश | रु.१०००/- |
| २ | २/२०८१/८२ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | पाँचौं तह | ५ जना आप्रवासी स्रोत केन्द्रहरू (१/१ जना प्रति जिल्ला) रसुवा, काठमाडौं, ललितपुर, दोलखा र चितवन (सम्बन्धित जिल्लावासीलाई विशेष प्राथमिकता दिनेछ।) | रु. ७००/- |

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

(१) **प्रदेश कार्यक्रम संयोजक पदका लागिः**

(क) नेपाली नागरिकताको प्रमाण पत्र र निवेदन,

(ख) मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण भएको,

(ग) अधिकृतस्तर वा सो भन्दा माथिल्लो तहमा ५ वर्षको कार्य अनुभव भएको, स्थानीय तथा प्रदेश सरकारसँग निकटतम समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको, क्षमता विकास तथा प्रशिक्षण क्रियाकलाप सञ्चालन गरेकोलाई प्राथमिकता दिईनेछ।

(घ) कम्प्युटर सम्बन्धी ज्ञानका साथै Ms Office (Word, Excel, PowerPoint, Outlook, Email, Internet, KOBO Tool) सहजरूपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाइप गर्न सक्ने क्षमता भएको।

(ङ) नेपाली र अङ्ग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने।

(२) **आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता पदका लागिः**

(क) नेपाली नागरिकताको प्रमाण पत्र र निवेदन

(ख) न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण भएको,

(ग) परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको, स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिईनेछ।

(घ) कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदि भएको) नेपाली र अङ्ग्रेजी भाषामा प्रतिवेदन तयार गर्न सक्ने।

(३) **दरखास्त दिने स्थानः** श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश, हेटौंडा। (*दरखास्त फाराम उल्लेखित कार्यविधिको अनुसूची-१* डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।)

(४) **दरखास्त दिने अन्तिम मितिः** प्रथम पटक सूचना प्रकाशित मितिले ७ (सात) दिनसम्म (माथि उल्लेखित अन्तिम मितिका दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)।

(५) **छनौटको किसिमः** संक्षिप्त सूची प्रकाशन, लिखित तथा अन्तर्वार्ता।

(६) **सेवा सुविधाः** बागमती प्रदेश सरकारको प्रचलित नियम बमोजिम।

(७) **उमेरः** दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने छ।

(८) **राजस्व बुझाउने खाताको विवरण** (*उल्लेखित राजस्व शीर्षकमा दाखिला गरी सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ।*)

| | |
|---|---|
| राजस्व शीर्षकः | परीक्षा शुल्क (१४२२४) |
| खाता रहेको बैंकः | राष्ट्रिय वाणिज्य बैंक, हेटौंडा |
| कार्यालय कोडः | ३७१००३२०१३, श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश, हेटौंडा |

**(सूचना सम्बन्धी थप जानकारीका लागि ०५७-५९०३६२ मा सम्पर्क गर्न सकिनेछ।)**